११३६)६४८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४०४/२०७१/०७२

निर्णय नं. ७४८

बारा जिल्ला, कलैया, १० बैरिया बस्ने निवेश कुमार तिमिल्सिना................................. १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री जिल्ला विकास समितिको कार्यालय, बारा..........................................१ विपक्षी
सूचना अधिकारी, श्री जिल्ला विकास समितिको कार्यालय, बारा .......................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

बारा जिल्ला, कलैया, १० बैरिया बस्ने निवेश कुमार तिमिल्सिनाले श्री जिल्ला विकास समितिको कार्यालय, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२३ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. १५९९ मिति २०७२।०२।०८ को पत्रवाट जिल्ला विकास समितिको कार्यालय, बारालाई के कति कारणले पुनरावेदकलाई सूचना उपलब्ध नगराइएको हो भनी लेखी पठाइएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र २३ गते रोज ३ शुभम्